# प्रेस विज्ञप्ति- २१६

# Press Release- 216

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०२।०३ गते।

## नियन्त्रित लागु औषध १५०० एम्पुल सहित भारतिय नागरिक २ जना र भारतिय गाडी पक्राउ।

लागु औषध नियन्त्रण कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा विभिन्न स्थान समय र मितिमा नियन्त्रित लागु औषध पक्राउ गरको छ। जसमा :-

१) मिति २०७४/१२/१९ गते १७:०० बजेको समयमा जि. बिरगंज म.न.पा.२४ पर्सा घर भएका बर्ष २१ को सनि कुमार लाई नियन्त्रित लागु औषध २११५ एम्पुल सहितका जि. का.म.न.पा.-२३ जडीबुटी बाट पक्राउ गरिएको।

२) मिति २०७५।०१।१३ गते १६:०० बजेको समयमा जि. सिन्धुली कमला माई नगरपालिका वडा नं.-२ घर भएका बर्ष २८ को मनोहर गिरी लाई नियन्त्रित लागु औषध १०५ पिस एम्पुल सहित का.म.न.पा. वडा नं.-२२ सुन्धारा बाट पक्राउ गरिएको।

३) २०७५।०१।२० गते १५:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं.-१४ कलङकी बाट ३००० एम्पुल सहित जि. रौतहट राजपुर नगरपालिका वडा नं.-९ घर भएका बर्ष ३५ को अफताव वस्ता पक्राउ परेकोमा निजको बयान अनुसार निजबाट बरामद एम्पुल जि. रौतहट परोह गाउंपालिका वडा नं.-४ घर भएका शेक जावेद भन्ने शेक अँगुर आलमले दिईएको भनी खुलाए अनुसार निज शेक अँगुर आलमलाई मिति २०७५।०१।२१ गते जिल्ला रौतहट बाट पक्राउ गरी यस कार्यालयमा दाखीला भई अनुसन्धान जारी रहेको छ।

४) मिति २०७५।०२।०१ गते २०:०० बजेको समयमा भारत पूर्बी चम्पारण जिल्ला मोतीहारी थाना रक्सौल ग्राम नागरोड घर भएका भारतिय नागरिक बर्ष ३३ को जितेन्द्र कुमार र भारत पूर्बी चम्पारण बिहार जिल्ला मोतीहारी थाना रक्सौल नागरोड शिवपुरी घर भएका बर्ष ३२ को सनोज कुमारले लागु औषध ओसार पसारमा प्रयोग हुंदै आएको भारतिय गाडी नं. BR 05 PA7031 TATA SUMO मा लुकाई छिपाई ल्याएको नियन्त्रित लागु औषध डाईजेपाम ५०० एम्पुल, बुप्रेनोर्फिन ५०० एम्पुल र फेनारगन ५०० एम्पुल गरि जम्मा १५०० एम्पुल सहित का.जि.का.म.न.पा १४ बल्खुबाट पक्राउ गरि कानुनी कारवाही अगाडी बढाईएको छ ।

५) उपरोक्त नियन्त्रित बरामद लागु औषध कुल जम्मा ६७२० एम्पुल को कसले पठाएको भनी अनुसन्धान गर्ने क्रममा उक्त सम्पूर्ण लागु औषध बिरगंज रक्सौल सिमामा बस्ने रीता शर्माले उक्त कारोबार गर्दै आएको भन्ने बुझिन आए पश्चात निज लागु औषध कारोबार गर्ने ब्यक्तिको खोज तलास एंब Follow up गर्ने क्रममा रीता शर्मा भन्ने महिलाले बिगत लामो समय देखी सिमा क्षेत्रको फाईदा लिदै भारतिय गाडीको समेत प्रयोग गरि बिभिन्न समुहलाई प्रयोग गरि काठमाण्डौ लगायत नेपालका अन्य शहरहरुमा नियन्त्रित लागु औषध बिक्रीबितरण गर्ने मुख्य कारोबारी समेत भएको अनुसन्धान बाट खुल्न आएको छ। र निज रीता शर्मा उपर यस ब्यूरोबाट खोज तलास तथा निग्रानी कार्य जारी रहेको ब्यहोरा जानकारीको लागि अनुरोध ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com




नियन्त्रित लागु औषध बोक्न प्रयोग भएको भारतिय सवासी साधन







नियन्त्रित लागु औषध

